## सामयिक सन्दर्भ

# अनलाइन ट्रेडिङको अवस्था

**राजु पौडेल**

नेपाली लगानीकर्ताको लामो पर्खाइपछि २०७५ कात्तिक २० गते काठमाण्डौंको एउटा तारे होटलमा तामझामका साथ अनलाइन ट्रेडिङको उद्घाटन भयो । यस्तो अनलाइन ट्रेडिङ भारतमा सन् ८० को दशकमा नै आएको थियो । झण्डै ३ दशक पछि हाम्रो बजारमा अनलाइन ट्रेडिङ आउँदा लगानीकर्ता ज्यादै हर्षित भए । अनलाइनले भारतीय शेयरबजारमा फड्को मारेको थियो । बजार ६० प्रतिशतसम्म बढेको थियो । हाम्रो बजार पनि त्यसरी बढ्नेछ भन्ने आशामा लाखौं लगानीकर्ताले लगानी गरेका थिए । तर, दुःखको कुरा कम्पनीहरुले आकर्षक वित्तीय प्रतिवेदन प्रस्तुत गरिरहँदा पनि अनलाइन ट्रेडिङ उद्घाटनको दोस्रो दिनदेखि शेयरबजार निरन्तर ओरालो लागिरहेको छ । अनलाइन ट्रेडिङमा शुरुदेखि नै विभिन्न समस्या आइरहेको छ । तथ्याङ्कहरु डिस्प्ले नहुने, लगानीकर्ताको पहिचान नहुने, शेयर म्याचिङ नहुने जस्ता समस्या देखिइरहेका छन् । महीना दिनसम्म पनि लगानीकर्ताले अनलाइनमार्फत शेयर कारोबार गर्न पाउनु त कहाँ हो कहाँ ब्रोकर कम्पनीमा गएर पनि शेयर किनबेच गर्न पाएका छैनन् । नयाँ प्रविधि शुरु गर्दा केही समस्या आउनु स्वाभाविक पनि हो । तर, यहाँ त महीना दिनसम्म पनि अनलाइन ट्रेडिङमा समस्या देखिरहेको छ । लगानीकर्ताको हातमा अनलाइन आउँदा लगानीकर्ता ज्यादै निराश भएर शेयर बेच्न थालेका छन् । 'यो नेप्सेले ल्याएको अनलाइन हो कि अफलाइन ?'

महीना सम्म अनलाइन ट्रेडिङमा देखिएका समस्या समाधान भएको देखिन्न । यसबारे नेप्सेको प्राविधिक टोलीले भने धेरै समस्या हल भइसकेका र बाँकी समस्या पनि चाँडै हल हुने दाबी गर्छन् । ब्रोकरको तयारी नपुगेकाले पनि समस्या आएको हो भन्ने जवाफ आउँछ । ब्रोकर कम्पनीहरु नेप्सेले पूरा तयारी नगरी अनलाइन ल्याउँदा समस्या आएको भन्ने आरोप लगाउँछन् । नेप्सेले ब्रोकर कम्पनीलाई र ब्रोकर कम्पनीले नेप्सेलाई दोष लगाएर काम नगर्दा लगानीकर्ताको दिनदिनै नोक्सानी भैरहेको छ । नेप्सेले हामी छिटै लगानीकर्तालाई अनलाइन ट्रेडिङ गर्न दिन्छौं भनिरहँदा उता ब्रोकर कम्पनीहरुले जबसम्म अनलाइन ट्रेडिङमा बैंकहरुलाई लिंक गरिँदैन तबसम्म लगानीकर्तालाई युजर नाम र पासवर्ड दिन्नौं भन्दै छन् । ब्रोकर कम्पनीहरुको माग पनि जायज छ । अनलाइन ट्रेडिङ आएपछि पनि शेयर किनेको पैसा भुक्तानी गर्न ब्रोकरकोमा जानुपर्ने शेयर बेचेपछि पैसा लिन ब्रोकर कम्पनी नै धाउनुपर्ने अवस्था छ । यो कसरी अनलाइन ट्रेडिङ भयो र ? नेप्से र ब्रोकर कम्पनीले अनलाइनका बारेमा जुहारी खेलेर बस्नुभन्दा पनि धेरै लामो समयको पर्खाइपछि नेपालको शेयरबजारलाई पूर्ण स्वचालित अनलाइन प्रणाली बनाउनेतिर लाग्नुपर्छ । यस्ता समस्या समाधान गर्न सर्वप्रथम २०५१-०५२ मा सिलोन स्टक एक्सचेञ्जले दिएको ओपन-आउट क्राइ सिष्टमबाट प्रयोग गरिँदै आएको २३-२४ वर्ष पुरानो सर्भर पूरै प्रतिस्थापन गर्नुपर्छ । सफ्टवेर र हार्डवेर अन्तरराष्ट्रिय स्तरको राखी पूर्ण स्वचालित बनाउनुपर्छ ।

अहिले सर्भरमा जुन समस्या आइरहेको छ, त्यो अनलाइन ट्रेडिङमा देखिनु हुन्न । अहिले जम्मा ५० ओटा मात्र ब्रोकरले प्रयोग गर्दा यस्तो समस्या देखिन्छ भने भोलि लाखौं युजरले प्रयोग गर्दा के हालत होला ? त्यसकारण ब्रोकर कम्पनीले हो कि नेप्सेले हो नयाँ अनलाइनलाई सपोर्ट गर्ने सफ्टवेर र हार्डवेयर तुरुन्तै राख्नुपर्ने हुन्छ । यता ब्रोकर कम्पनीको गुनासो भने अर्कै छ । २० प्रतिशत कमिशन नेप्सेलाई बुझाउनु पर्ने अनि सफ्टवेर आफै राख्नुपर्ने ? जबसम्म देश विदेशका कुनै पनि स्थानमा बसेका लगानीकर्ताले घर तथा कार्यस्थलमा बसेर मोबाइल, ल्यापटप र कम्प्युटरबाट शेयर किनबेच गर्न पाउने, किनेपछि लगानीकर्ताको बैक खाताबाट पैसा जाने, डिम्याट खातामा शेयर आउने अवस्था हुँदैन अनलाइन भन्न मिल्दैन । अन्तर्राष्ट्रिय बजारमा अनलाइन ट्रेडिङको थालनीसँगै बजार ६० प्रतिशतसम्म बढेको पाइन्छ । नेपालमा अनलाइन आएपछि पक्कै पनि धेरै माथि जाने भने निश्चित भने छ । तर, अहिलेको अवस्थामा तत्काल सुधार जरुरी छ । *(लेखकः नेपाल पूँजीबजार लगानीकर्ता संघका उपाध्यक्ष हुन् ।)*

## जनहितमा जारी सूचना

**जातीय भेदभाव हुने रीतिस्थिति र संस्कृतिलाई सामाजिक रीतिस्थिति मानिने छैन ।**

**दलित विकास समिति**

धरान उपमहानगरपालिका

सम्पर्क : ९८१५३०६०५२/९८१५३२६५५२

# महेन्द्र क्याम्पसमा मंगोल



**धरानः** मंगोल नेशनल अर्गनाइजेसन डा. गोपाल गुरुङ सम्बद्ध मंगोल विद्यार्थी युनियन महेन्द्र बहुमुखी क्याम्पस २१ सदस्यीय इकाई गठन भएको छ । बिहीबार क्याम्पसमा आयोजित भेलाले इकाई गठन गरको हो । इकाई अध्यक्षमा संयोग राई छन । सचिव युबराज राई, सहसचिव शान्तकला राई, कोषाध्यक्ष संध्या लिम्बु छन् । सदस्यहरु सुरज हुक्पाचोङ्बाङ, धनकुमार राई, बिमला श्रेष्ठ, बिकास लावती, खियस थापामगर, पर्वत राई, अन्जना वान्तवा राई, मिस्सु लिम्बू, सीता लिम्बू, सम्झना राई, पुजा सिवाहाङ, नबिना लिम्बु, पार्वती राई, युगल मास्वा, इङ्सेहाङ थेबे, अनु राई र सबिना राई छन् । भेलामा केन्द्रिय विद्यार्थी संयोजक अडिल खम्बु प्रमुख आतिथि थिए । स्वबियु सभापति सागर चेम्जोङ, एमएनओका केन्द्रिय कोषाध्यक्ष दिनेश वान्तवा, केन्द्रिय सदस्य भिम चाम्लिङ जिल्ला अध्यक्ष काजिराम राई, केन्द्रिय युबा संयोजक अमीत राई याख्खा, नारी सभा सुनसरीका सहसचिव दुलिसा याख्खाको उपस्थिति थियो ।

# यूएईमा सोलुखुम्बुलेलीहरु



**इटहरीः** वैदेशिक रोजगारमा यूएईमा गएका सोलुखुम्बवासीहरूको प्रथम भेलाले तरहराका कृपाध्वोज गिरीको अध्यक्षतामा ११ जनाको युएई सोलुखुम्बु समाज गठन गरेको छ । समाजको उपाध्यक्ष सम्भु खुलाल, तारा राई, सचिव तिर्थ राज खनाल, सह सचिव जस कुमार तामाङ, कोषाध्यक्ष अस्मि राई, सह कोषाध्यक्ष चामु सिङ राई, सदस्य खेम बहादुर बस्नेत, लाक्पा तामाङ ,रमेश तामाङ र डम्बर बहादुर खुलाल छन । यूएईमा प्रायः सबै जिल्लाका समाजहरु झै सुनसरी समाज गरिएको नवनिर्वाचित अध्यक्ष कृपाध्वज गिरीले बताए । उनले अन्य समाज जस्तै सुनसरी समाजले पनि नेपाली राजदूतावाससँग सहकार्य गर्दै काम गर्ने प्रतिबद्धता समेत जाहेर गरे ।




टेम्केमैयुङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय,
अन्नपुर्ण, भोजपुर

## औषधि तथा सर्जिकल सामान खरीद सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

*प्रथमपटक सूचना प्रकाशन मितिः-२०७५।०८।२१*

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७५/०७६को लागिआवश्यक पर्ने औषधितथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रबाट खरीदगर्नुपर्ने भएकोले इजाजतप्राप्त रजिष्टर्ड निर्माता/कम्पनी /फर्म वा सप्लायर्सहरुबाट देहायको शर्तहरुको अधिनमा रही रु १०।- को टिकट टाँसीसिलबन्दी दरभाउपत्र पेश गर्न हुन आब्हान गरिएको छ।

| विवरण | लागतअनुमानअंक (भ्याट वाहेक) | धरौटी |
|---|---|---|
| औषधितथा सर्जिकल सामान खरीद। | १९,६६,७६२/०० | लागतअनुमानअंकको २.५प्रतिशतले हुनआउने रकम। |

**शर्तहरुः-**

(१) यो सूचना मर्निङ टाइम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन सम्ममा दरभाउ पत्र फारम यस कार्यालयको लेखा फाँटबाट रु १०००।-(फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिने छ।

(२) दरभाउपत्र खरीद गर्दा आधिकारिक निबेदन साथ निम्न कागजातहरु संलग्न हुनु पर्ने छ।

(क) औषधि ब्यबस्था विभागबाट प्राप्त इजाजतपत्रको प्रमाणित प्रतिलिपी ।

(ख) मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(ग) आ.ब.२०७४/०७५ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी ।

(घ) प्रोपाईटर स्वयं उपस्थित हुन नसकेमा निजको आधिकारीक मञ्जुरीनामा ।

(३) खरीद गरिएको दरभाउपत्र १६ औ दिनको १२:०० बजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ।

(४) रितपुर्वक पेश भएका दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औ दिनको २:०० बजे दरभाउ पत्रदाता वा निजको आधिकारिक प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

(५) रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रउपर कुनै कारबाही गरिने छैन ।

(६) दरभाउपत्र खरीद गरिने अन्तिम दिन वा खोलिने दिन सार्बजनीक विदा पर्न गएमा उक्त कार्य सो को भोलिपल्ट सोहि समयमा हुने छ।

(७) दरभाउपत्र दाताले आफुले कबोल गरेको अङ्कको २.५ प्रतिशतले हुनआउने रकम राष्ट्रिय वाणिज्य वैंक भोजपुरस्थित टेम्केमैयुङ गाउपालिका कार्यालय, अन्नपुर्ण भोजपुरको कार्यालय खाता नं. २०४०३०३००७१०३ मा नगद जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा७५ दिनको (दरभाउपत्र पेश गर्ने अन्तिममिति बाट) मान्य अबधि भएको बैक जमानतपत्र पेश गर्नु पर्ने छ। साथै दरभाउपत्रको मान्य अवधी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट ४५ दिनको हुने छ।

(८) दरभाउपत्र पेश गर्दा रकम अङ्क र अक्षर दुबैमा उल्लेख गर्नु पर्ने छ।

(९) पेश भएको दरभाउपत्र आंशिक रुपमा वा पूर्ण रुपमा स्वीकृत गर्ने वा रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

(१०) खरीद गरीने औषधि तथा सर्जिकल सामानको प्रयोग गर्ने अबधि गाउँपालिका स्टोरमा दाखिला हुदा कम्तिमा अठार महिना बाँकि रहेको हुनु पर्ने छ र १८ महिना एक्सपाइरी म्याद हुनेको हकमा कम्तिमा७५% बाँकि रहेको हुनुपर्ने छ।

(११) दरभाउपत्रदाताले आफुले दिनचाहेको औषधि तथा सर्जिकल सामानको उत्पादक कम्पनीको नाम र उत्पादन भएको देशको नाम प्रष्ट संग उल्लेख गर्नु पर्ने छ।

(१२) दरभाउपत्रदाताले सप्लाई गर्ने औषधि WHO GMPमान्यता प्राप्त कम्पनीको हुनु पर्ने छ र WHO GMP Certificateपनि दरभाउपत्र फारम साथै अनिवार्य बुझाउनुपर्ने छ।

(१३) दरभाउपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयको आबश्यकताअनुसार थपघट गर्न सकिनेछ, थपघट भएतापनि दरभाउपत्रदाताले कबोल गरेको दररेटमा आ.व.२०७६ अषाढ मसान्त सम्ममा थप बजेटको व्यवस्था भई आएमा सोही दररेटमा उपलब्ध गराउनु पर्नेछ, दररेट परिवर्तन गर्न पाइने छैन।

(१४) दरभाउपत्रदाखिला गर्दा दरभाउपत्र साथ आफुले सप्लाई गर्ने प्रत्येक औषधिको नमुना सिलबन्दी गरी छुट्टै पेश गर्नु पर्ने छ।

(१५) दरभाउपत्रदाताले दरभाउपत्र फारम खरीद गर्दा यस कार्यालयको अधिकार प्राप्त आधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्रफारम खरीद गर्नु पर्ने छ र सोहि फारमको प्रत्येक पानामा दरभाउपत्र दाताले फर्म वा कम्पनीको छाप र दस्तखत गरी पेश गर्नु पर्ने छ।

(१६) एउटा फर्म वा कम्पनीले खरीद गरेको दरभाउपत्र फारम अर्को फर्म वा कम्पनीले दाखिला गर्न पाउने छैन यदि सो अनुसार भएको पाइएमा निजको दरभाउपत्र रद्ध गरीने छ।

(१७) आफुले सप्लाई गर्ने प्रत्येक औषधि, औषधि ब्यबस्था विभागमा दर्ता भएको हुनु पर्नेछ। औषधिको प्याकिङ बाहिर औषधिको जेनेरीक नाम, शक्ति, उत्पादन मिति, एक्सपायरी मिति, ब्याच नं उत्पादक कम्पनीको नाम स्पष्ट संग उल्लेख भएको हुनु पर्ने छ। साथै औषधिको प्याकिङ बाहिर तथा प्रत्येक स्ट्रीपमा "नेपाल सरकारबाट निःशुल्क बितरणको लागी" वा "यो औषधि /बिक्रीका लागी होईन" प्याकिङमा उल्लेख भएको हुनु पर्ने छ।

(१८) सप्लाई हुने सवै झोल तथा पाउडर औषधीहरु प्लाष्टिक बोतलमा प्याक भएको हुनु पर्ने छ।

(१९) दरभाउपत्रसाथ पेश गर्ने कागजातको प्रतिलिपीहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनु पर्ने छ।

(२०) आफुले दाखिला गरेको दरभाउपत्र फिर्ता लिन चाहेमा अनिवार्य दरभाउपत्र दाता स्वयं वा निजको आधिकारीक प्रतिनिधि उपस्थित भई सक्कलै निबेदन पेश गर्नु पर्ने छ। Fax वा अन्य कुनै माध्यमबाट प्राप्त निबेदन मान्य हुने छैन।

(२१) खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको, कालो सुचीमा नपरेको भन्ने लिखित स्वः घोषणा पत्र सिलबन्दी दरभाउपत्र साथ पेश गर्नुपर्ने छ।

(२२) यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजानिक खरीद नियमावली २०६४ (संशोधन सहित) तथा अन्यप्रचलित कानुन बमोजिम हुनेछ। यस दरभाउपत्र सम्बन्धि सुचना यस कार्यालयको Website www.tyamkemaiyummun.gov.npमा हेर्न सकिने छ। थपजानकारीकालागि स्वास्थ्यशाखाको सम्पर्क नं.९८४३५४०९७९ माबुझ्न सकिनेछ।



# बायप्सी नगरी कलेजो रोग पत्ता लाग्ने

**धरान:** कलेजोको बायप्सी नगरीकनै रोग पत्ता लगाउने प्रविधि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा थपिएको छ। यसअघि प्रतिष्ठानमा भएका प्रविधि र प्रकृयाबाट रोग पत्ता नलागे अल्ट्रासाउण्ड गरी कलेजाको मासुको बायप्सी गराएपछि मात्र रोग छुट्याउने गरिन्थ्यो । स्वीटजरल्याण्डको जेनेभा युनिभर्सिटी हस्पिटलले कलेजोको बायप्सी नगरी रोग परीक्षण गर्ने उपकरण सहितको प्रविधि प्रतिष्ठान लाई सहयोग स्वरुप प्रदान गरेको छ। उक्त फाइब्रोस्क्यान उपकरण सहितको प्रविधि प्रतिष्ठानमा उपलब्ध गराएपछि अब बायप्सी नगरी कलेजोको रोग पत्ता लगाउन सकिने भएको हो।



उक्त उपकरणको मुल्य २ करोड नेपाली रुपैयाँ सम्म पर्छ। प्रतिष्ठानले आफै खरिद गर्ने योजना प्रस्ताव गरेको अवस्थामा फाइब्रोस्क्यान उपकरण जेनेभा युनिभर्सिटी अस्पतालले सहयोग गरेको हो । प्रतिष्ठानको ग्यास्ट्रोइन्टेरोलोजी एण्ड हेपाटोलोजी विभाग प्रमुख डा. विक्रम प्रधानले उपकरणले हेपाटाइटिस बी र सी, मदिराका सेवनका कारण कलेजोमा घाऊ, चिल्लो पदार्थले कलेजो विग्रीएर फाइब्रोसिस भएका विरामीहरुको रोग पत्ता लगाउने पद्धति अत्यन्तै सहज हुने र त्यसबाट उपचार तत्कालै शुरु गर्न सकिने बताए । कलेजो फुटेरा रक्तस्राव भएको, एसिड खाएर खुम्चेको अन्ननली तथा मलद्वारको सफल उपचारमा उपकरणले विशेष सहयोग पुऱ्याउने बताइएको छ । उपकरणले कलेजो कुन अवस्थामा छ भन्ने स्पष्ट थाहा पाउन सकिने भएको उनले बताए। यस अघि कलेजोको अवस्था थाहा पाउन जोखिमपूर्ण तरिकाले छाती, पेटवाट कलेजोको नमुना झिक्ने गरिएको थियो। उपकरण आएपछि विना जोखिम घांटीको नसावाट झिक्ने बताइएको छ।

जेनेभा युनिभर्सिटी हस्पिटल बाट सहयोग स्वरुप प्राप्त फाइब्रोस्क्यान उपकरण बारे प्रतिष्ठानले पत्रकार सम्मेलन मार्फत जानकारी गराएको हो । पत्रकार सम्मेलनमा उपकरणको सहयोगले वायोप्सी नगरी नै सबै प्रकारका हेपाटाइटिस र अल्कोहोलिक विरामीहरुको कलेजोमा भएको संक्रमण पत्ता लगाउन सकिने बताइएको छ। यसअघि अल्ट्रासाउण्ड गरेर वायोप्सी गरेपछि मात्र कलेजोको अनुमानित अवस्था पत्ता लगाउने गरिएको थियो । अब कलेजोको वास्ताविक अवस्था अर्थात फाब्रोसिस कति छ वा कलेजो कति कडा भएको छ भन्नेबारे एकिनका साथ उपचार हुने भएको प्रतिष्ठानका उपकुलपति प्रा.डा. राजकुमार रौनियारले बताए। उनले भने 'कलेजोको उपचारमा यो महत्वपूर्ण उपलब्धि भएको छ ।' जेनेभावाट आएका डा. लउरेन्ट स्फरले नेपालको महत्वपूर्ण शैक्षिक संस्थासंग सहकार्य गर्न पाउंदा अत्यन्त खुशी लागेको बताए। पत्रकार सम्मेलनमा सहायक अस्पताल निर्देशक डा. विकास साह, मेडिसिन विभागका डा. डेनिस पियुस लगायत उपस्थित थिए।

# रामधुनीमा शतबिज छर्नेको भिड



**रामधुनी:** धार्मिक विश्वास अनुसार दिवंगत पितृको स्मृतिमा शतबीज छर्ने दिन बाला चर्तुदशीका दिन बिहीबार रामधुनी नगरपालिका स्थित प्रसिद्ध तिर्थस्थल रामधुनी मन्दिर परिसरमा लाग्ने मेलामा दिनभरी नै श्रद्धालुहरुको भिड लाग्यो । रामधुनी मेलामा भारतीय श्रद्धालुहरुका साथै धरान, विराटनगर, इटहरी, प्रकाशपुर, राजाबास, चतरा, महेन्द्रनगर, भोक्राहा, इनरुवा आसपासका श्रद्धालुले रामधुनी मन्दिरमा आएर सतवीज छर्ने गरेका छन् । हिन्दु धर्मावलम्बीहरुमा बाल चतुर्दशीका दिन दिवंगत पितृहरुको मोक्ष प्राप्तीका लागि कामना गरिनु अत्यन्त महत्पूर्ण दिनका रुपमा मानिन्छ । नेपाल तथा भारतका विभिन्न शक्तिपीठ अनि त्रिवेणी धामहरुमा बाला चतुर्दशीका दिन शतवीज छर्ने तिर्थालुहरुको घुईंचो लाग्ने गर्दछ।

शतबीज पितृ उद्धारका लागि धार्मिक वनहरु, कैलाश डाँडा, श्लेष्मान्तक बन अनि अन्य वनहरुमा गई छर्ने सात प्रकारको अन्नहरु पर्दछ। यस्ता अन्नहरुमा धान, गहुँ, मास, मुगी, कागुन, र सामा मिलाईएको सप्तधाना युक्त शतबीज र विभिन्न प्रकारका फूलहरु हुन्छन्। साथै अन्नका साथसाथै कागती, निबुवा, विमिरो, सुन्तला, स्याउ, उखु, अम्बा,केरा पनि राख्ने चलन रहेको छ । यसरी शतवीज छर्नकालागी चर्तुदशीभन्दा एकदिन अगाडिनै अर्थात त्रयोदशीकै दिन राती जाग्रामवसेर दिप प्रज्वलन गर्दै अनि भजन किर्तन गर्दै आँखा झिमिक्क नपारी भोलीपल्ट विहानै स्नान गरेर चोखोनितो बनेर मात्र शतवीज भर्ने चलन छ । । यसरी पृथ्वीलोकमा छरिएको शतवीज चाँही पितृहरुको लोकमा गएर अकुंरण हुने र यिनै बिजका कारणले पितृहरु कहिल्यै भोकै बस्न नपर्ने मान्यता रहेको छ।

# लियोको अफिसर प्रशिक्षण

**धरान:** लियो क्लब धरान घोपा युनाइटेडले सदस्यहरुका क्लब अफिसर प्रशिक्षण आयोजना गरेको छ। वीपी प्रतिष्ठानमा भएको प्रशिक्षणमा लायन्स क्लब बिराटनगर युनाइटेडका रोसन खड्का र नवीन अधिकारीले क्लबका विभिन्न पदहरुका बारेमा सदस्यहरु लाई अभिमुखिकरण गरे । पढाइलाई प्राथमिकता दिदै व्यक्तित्व विकासका लागि विद्यार्थीहरु लाई अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुन प्रतिष्ठानका सहायक अस्पताल निर्देशक डा. बिकास साह र उपप्रवक्ता डा. अशोक अयरले सुझाव दिए । प्रतिष्ठानमा एमबिबिएस, बिडिएस,



नर्सिङ र बिएमआइटिका विद्यार्थीहरुले प्रतिष्ठानमा लियो क्लब धरान घोपा युनाइटेडको स्थापना गरेको जानकारी गोष्ठी आयोजक समितिका उपाध्यक्ष मधुरेस गुप्ता र सिलन भन्डारीले दिए। क्लबले आयोजना गरेको यो पहिलो कार्यक्रम हो । गोष्ठीमा १२० भन्दा बढीको सहभागिता थियो । आउने दिनमा शिक्षा, स्वास्थ्य र व्यक्तित्व विकासका कार्यक्रमहरु सञ्चालन गरिने सन्चालक शुभम कुमार अग्रवालले बताए।

## डिपोकप फुटबल

# पुलिस र आइडल सेमिफाइनलमा

**धरान:** डिपो माविव्दारा आयोजित १५औ ललित अमर डिपोकपमा फुटबल प्रतियोगिताको बिहीबार भएको खेलबाट पूर्व क्षेत्रीय प्रहरी स्कुल र आइडल स्कुल सेमिफाइनल प्रवेश गरेको छ। बिहीबार भएको पहिलो खेलमा प्रहरी स्कुलले हिमशिखरलाई टाइवेकरमा ४-२ गोल अन्तरले पराजित गर्दै सेमीमा प्रवेश गरेको हो । दोश्रो खेलमा आइडल स्कुलले मेरिल्याण्ड स्कुललाई १-० गोलले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो। पहिलो खेलमा प्रहरी स्कुल र हिमशिखर स्कुलले निर्धारित समय सम्म पनि दुवै तर्फ गोल हुन नसके पछि खेल टाइवेकरमा गएको थियो। टाइवेकरमा प्रहरीका तर्फबाट प्रवेश तामाङ, अविन चौधरी, जेसस खड्का र सोनु यादवले गोल गरेका थिए । हिमशिखरको तर्फ वाट नेलशन गुरुङ र खेलका म्यान अफ द म्याच सजन राईले मात्र गोल गरेका थिए। दोस्रो खेलमा आइडलका आयुष श्रेष्ठले एक मात्र निर्णायक गोल गर्दै आफ्नो टिमलाई सेमिफाइनलको वाटो दोह्याएका थिए । उक्त खेलमा मेरिल्याण्डका नाम्योग लिम्वु म्यान अफ द म्याच घोषित भए। विहिवार देखि प्लेट च्याम्पियन खेल पनि सुरु भएको छ । प्लेट तर्फको पहिलो खेलमा डिपो स्कुलले नवज्योति स्कुललाई टाइवेकरमा २-० गोल अन्तरले र सेक्रेटहर्टले सृजना स्कुललाई टाइवेकरमा नै ४-३ गोल अन्तरले पराजित गरेका छन । दुवै खेलमा निर्धारित समय सम्म दुवै तर्फ गोल हुन नसके पछि खेल टाइवेकरमा गएको थियो । डिपो कपको पहिलो चरण पराजित टिमले मात्र प्लेट च्याम्पियन खेल्न पाउनेछ । डिपो कपको शुक्रवार हुने खेल विष्णु स्कुल र लिटल फ्लावर्स, महेन्द्र मेमोरियल र इर्स्टन बिच हुनेछ। त्यस्तै गरि प्लेट तर्फ सत्यशिसु र वेलिइवर्स पञ्कन्या, काम्रेल धरान आदर्श बिच प्रतिस्पर्धा हुनेछ।

### बाईबलमा लेखिएको छ

**उत्पत्ति १२ : ६-१०**

अब्राम त्यस देशबाट भएर शेकेममा मोरेको फलाटको रुख भएको ठाउँसम्म पुगे। त्यस बेला त्यस ठाउँमा कनानीहरु बस्थे । अनि परमप्रभु अब्रामकहाँ देखापर्नु भयो र तिनलाई भन्नु भयो : म तेरो सन्तानलाई यो देश दिनेछु। यसैले तिनीहरुकहाँ देखा पर्नुभएको परमप्रभुका निम्ति तिनले त्यहाँ एउटा बेदी बनाए । त्यहाँबाट तिनी हिडेर बेतेलको पूर्वपट्टि भएको पहाडमा सरे, बेतेललाई पश्चिम र ऐ शहरलाई पूर्वपट्टि पारेर आफ्नो पाल टाँगे। तिनले परमप्रभुको नाउँमा त्यहाँ एउटा बेदी बनाएर परमप्रभुको नाउँको पुकारा गरे । अनि अब्राम अझै यात्रा गर्दै यहुदाको दक्षिण भाग नेगेबतिर गए। अनि त्यस देशमा अनिकाल पऱ्यो । औ, त्यहाँ घोर अनिकाल परेको हुनाले अब्राम मिश्र देशमा प्रवास गर्नलाई गए ।

**प्रभु टेलर्स**
धरान–१२, ९८४२०६४९१८













**अलौकिक देवी पाथिभरा माताको दर्शन गरौं**

आन्तरिक पर्यटन प्रवर्द्धन गरौं

अनुरोधकर्ता

**सेछ ट्राभलिङ**

धरान–१, लक्ष्मी सडक, फोनः ०२५–५२८२८६

## तपाईंको आज



ज्यो. सुश्री ईशा शर्मा

- **मेष** :स्वास्थ्य र कार्यमा बाधा उत्पन्न हुनेछ। समय प्रतिकुल भएकोले परिश्रम अनुसार फल नमिल्ने यात्रा असफल हुनेछ।
- **वृष** :व्यापार व्यवसाय र धन सम्पत्ति वृद्धि। हात हालेको काम सजिलै पुरा हुने र पारिवारीक तथा प्रेम सम्वन्ध सुमधुर हुनेछ।
- **मिथुन** :विरोधीहरु पराजित, धन लाभ, आफन्त तथा मावलीबाट केही सहयोग मिल्नेछ।
- **कर्कट** :वौद्धिक कार्यमा सफल र सन्तान पक्षले साथ दिनेछ। प्रेम सम्वन्ध सुदृढ, व्यापार व्यवसाय र धन सम्पत्तिमा वृद्धि हुनेछ।
- **सिंह** :प्रतिकुल समय भएकोले धेरै संघर्ष गर्नुपर्नेछ। खर्चमा वृद्धि र पारिवारीक अशान्ति बढ्नेछ।
- **कन्या** :निकै जोश जाँगर र पराक्रम बढ्ने। धन वृद्धि, कार्य सफल, साथीभाई तथा मित्रजनबाट सहयोग मिल्नेछ।
- **तुला** :निकै परिश्रम पश्चात धन सम्पत्ति आर्जन गरिनेछ। अरुलाई आफैले सहयोग र खर्च गर्नुपर्नेछ।
- **वृश्चिक** :समयले निकै साथ दिनाले व्यापार व्यवसाय र धन सम्पत्तिमा वृद्धि महत्वपूर्ण कार्य सफल हुने र खुशियालीमा नै दिन वित्नेछ।
- **धनु** :अस्वस्थता, विवाद बढ्ने र सम्मानमा ह्रास आउन सक्नेछ। व्ययस्थानमा चन्द्रमाले आम्दानी भन्दा खर्च वृद्धि गराउनेछन्।
- **मकर** :महत्वपूर्ण कार्यमा लगानी गरिनेछ। आकस्मिक लाभ, व्यापार, व्यवसायमा र आम्दानीमा वृद्धि हुनेछ।
- **कुम्भ** :मान प्रतिष्ठा वृद्धि, हात हालेको काम सजिलै पुरा हुने, रोजगार तथा यात्राको अवसर मिल्ने र विरोधीहरु झुक्नेछन्।
- **मीन** :सरकारी तथा महत्वपूर्ण व्यक्तित्वसँग भेटघाट र धार्मिक कार्यमा सरिक, उपहार तथा धन प्राप्ति हुनेछ।